नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालय, **सूचना प्रविधि विभाग, पनौती, काभ्रे** (यसपछि पहिलो पक्ष भनिएको) **र काठमाण्डौ विश्वविद्यालय, धुलिखेल, काभ्रे** (यस पछि दोस्रो पक्ष भनिएको) बीच सूचना प्रविधि पार्क, पनौती, काभ्रेमा सूचना प्रविधि सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्ने सम्बन्धमा भएको

# सम्झौता

**सम्झौता मितिः** २०७२/१२/२४ गते, वुधवार
**सम्झौता स्थलः** सूचना प्रविधि पार्क, पनौती काभ्रे ।

नेपाल सरकार (मन्त्रिपरिषद्) वाट मितिः २०७२/०२/२० मा स्वीकृत "*सूचना प्रविधि पार्क (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७२*" (यसपछि निर्देशिका भनिएको) बमोजिम गठित पार्क सञ्चालक समितिको बैठकको निर्णयानुसार सूचना प्रविधि विभागले पार्क सञ्चालनको लागि प्रस्ताव माग गरेकोमा **काठमाण्डौ विश्वविद्यालय, धुलिखेल, काभ्रे**ले पेश गरेको प्रस्ताव मितिः २०७२/०९/१९ को निर्णयानुसार स्वीकृत भएकोले दोस्रो पक्षले सूचना प्रविधि पार्क, पनौती, काभ्रेको व्यवसायिक भवनको व्यवसायिक एकाईमा सूचना प्रविधि सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न निम्न शर्तहरुको अधिनमा रही यो सम्झौता गरिएको छ।

**सम्झौताका बुँदाहरु**

१. पार्कको सञ्चालन "*सूचना प्रविधि पार्क (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७२*" बमोजिम हुनेछ र निर्देशिकामा उल्लेखित सवै प्रावधानहरु दुवै पक्षको लागि अनिवार्यरुपमा मान्य हुनेछन् ।

२. दोस्रो पक्षको कार्यस्थलको रुपमा व्यवसायिक भवनको भूँई तल्ला र पहिलो तल्लाका बायाँ पट्टिका व्यवसायिक एकाई (२ वटा) रहनेछन् र सो एकाईमा निर्देशिकाको दफा ६ मा उल्लेखित क्रियाकलापहरुको परिधिभित्र रही दोस्रो पक्षले प्रस्तावमा उल्लेख गरे बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ । दोस्रो पक्षले कार्य आरम्भ गरेको लिखित जानकारी पहिलो पक्षलाई गराउनुपर्नेछ।

३. दोस्रो पक्षले पहिलो पक्ष मार्फत नेपाल सरकारलाई प्रस्तावमा उल्लेख गरे बमोजिम स्नातकोत्तर तथा विद्यावारिधि तहमा छात्रवृत्ति उपलव्ध गराउनुपर्नेछ ।

KATHMANDU UNIVERSITY काठमाडौं विश्वविद्यालय २०४८ 1991

नेपाल सरकार विज्ञान तथा प्रविधि मन्त्रालय सूचना प्रविधि विभाग

४. दोश्रो पक्षले सूचना प्रविधि पार्कमा सञ्चालन गर्ने सबै किसिमका तालिम कार्यक्रमहरुमा पहिलो पक्षको सिफारिश बमोजिम कूल संख्याको १० प्रतिशत प्रशिक्षार्थीहरुलाई निःशुल्क तालिम प्रदान गर्नुपर्नेछ ।

५. दुवै पक्षले सूचना प्रविधिसँग सम्वन्धित कुनै विषयमा सँयुक्त अनुसन्धान गर्न आवश्यक सहयोग र सहकार्य गर्नेछ ।

६. निर्देशिकाको दफा १९ मा उल्लेख भए बमोजिम कार्यस्थलमा समावेश नभएका तर पार्क भित्र रहेका सभाकक्ष, चमेनागृह, पार्किङ क्षेत्र, बाग-बगैंचा, खुल्ला जमिन, चौर लगायतका संरचनाहरु आवश्यक परेमा दोस्रो पक्षले पहिलो पक्षलाई पत्राचार गरी माग गर्नुपर्नेछ र पहिलो पक्षले आवश्यकता र औचित्यका आधारमा उपरोक्त बमोजिमका संरचनाहरुको प्रयोग गर्न दोस्रो पक्षलाई अनुमति दिन सक्नेछ ।

७. निर्देशिकाको दफा २० मा उल्लेख भए बमोजिम दोस्रो पक्षले आफूँले प्रयोग गरेको कार्यस्थल अन्य कुनै पनि सँस्थालाई हस्तान्तरण गर्न पाउने छैन । दोस्रो पक्षले लिएको कार्यस्थलको आन्तरिक संरचना परिवर्तन वा स्तरोन्नति गर्नुपरेमा निर्देशिकाको दफा २२ बमोजिम पहिलो पक्षको सहमतिमा गर्न सक्नेछ ।

८. सूचना प्रविधि पार्क परिसरको सुरक्षा, सरसफाई, पानी आपुर्ती तथा संरचना मर्मतको जिम्मेवारी पहिलो पक्षको हुनेछ । दोस्रो पक्षले प्रयोग गरेको व्यवसायिक एकाईमा उपयोग भएको विद्युत, ईन्टरनेट कनेक्टिभिटी, टेलिफोन आदिको शुल्क दोस्रो पक्ष स्वयंले व्यहोर्नुपर्नेछ ।

९. सूचना प्रविधि पार्कको सु-सञ्चालन गर्नको लागि आवश्यक पूर्वाधार जस्तैः डेडिकेटेड वा डवल फिडर सहितको विद्युत, अप्टिकल फाईवर लगायतका सुविधा उपलव्ध गराउन पहिलो पक्षले उपयुक्त पहल गर्नेछ ।

१०. पहिलो पक्षले पार्कमा सञ्चालन भएका क्रियाकलापहरुको निरन्तर अनुगमन, समन्वय एवं सहकार्य गर्नेछ र सोको लागि दोस्रो पक्षले पहिलो पक्षलाई आवश्यक सहयोग गर्नुपर्नेछ ।

११. सम्झौताको अवधि १० (दश) बर्षको हुनेछ र दोस्रो पक्षले यो सम्झौता वा निर्देशिकामा उल्लेखित कुनै प्रावधानहरु उल्लंघन गरेको ठहरेमा पहिलो पक्षले सम्झौता रद्द गर्न सक्नेछ ।

१२. दोस्रो पक्षले यो सम्झौता रद्द गर्नुपरेमा पहिलो पक्षलाई घटीमा ३(तीन) महिना अगावै लिखित रुपमा जानकारी गराउनुपर्नेछ ।

KATHMANDU UNIVERSITY काठमाडौं विश्वविद्यालय २०४८ — 1991

नेपाल सरकार विज्ञान तथा प्रविधि मन्त्रालय सूचना प्रविधि विभाग

१३. यस सम्झौतामा उल्लेख भए वाहेकका अन्य विषयवस्तुहरुको सम्बन्धमा निर्देशिका एवं प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

१४. निर्देशिका संशोधन भएको खण्डमा सोही अनुसारका शर्तहरु लागू हुनेछ ।

**वीरेन्द्र कुमार मिश्र**
**महानिर्देशक**
सूचना प्रविधि विभाग
सूचना प्रविधि पार्क, पनौती, काभ्रे

**प्रा.डा.भोला थापा**
**रजिष्ट्रार**
काठमाण्डौ विश्वविद्यालय, धुलिखेल, काभ्रे

**<u>साक्षी</u>**

**रमेश राज सुवेदी**
**निर्देशक**
सूचना प्रविधि विभाग
सूचना प्रविधि पार्क, पनौती, काभ्रे

नेपाल सरकार
विज्ञान तथा प्रविधि मन्त्रालय
सूचना प्रविधि विभाग

**डा. मनिष पोखेल**
काठमाण्डौ विश्वविद्यालय, धुलिखेल, काभ्रे

काठमाडौं विश्वविद्यालय
KATHMANDU UNIVERSITY
२०४८
1991